# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
शिक्षा, युवा तथा खेलकूद शाखा
EDUCATION, YOUTH And SPORT SECTION
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं. १, नेपाल
(PROVIENCE NO. 1, NEPAL)

प.स. : २०७९।८०

मिति:२०७९।५।१७

विषय:एक शिक्षक एक ल्यापटप कार्यक्रममा प्रस्ताव माग सम्बन्धि सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरु
बेलबारी नगरपालिका,मोरङ ।

प्रस्तुत विषयमा यस बेलबारी नगरपालिकाको आ.व. २०७९।८० को बजेट तथा कार्यक्रम अन्तर्गत **एक शिक्षक एक ल्यापटप** कार्यक्रम शिर्षकमा बजेट विनियोजन भएको छ ।आ.व. २०७९।८० को शिक्षा,युवा तथा खेलकुद नीति अनुरुप सामुदायिक विद्यालय आधारभूत तह (कक्षा १ देखि ५ सम्म) अध्यापन गर्ने प्रति विद्यालय एक शिक्षकका दरले कुल ३१ जना शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन ल्यापटप खरिदका लागि रु १० हजारका दरले अनुदान उपलब्ध गराउने उल्लेखित भए बमोजिम बेलबारी नगरपालिका भित्र सञ्चालित आधारभूत तह (कक्षा १ –५) का सामुदायिक विद्यालयहरुलाई सो कार्यक्रममा समावेश हुनका लागि तपसिलका बुँदा/सर्त सहित मिति २०७९।५।३१ गतेसम्म निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिन्छ ।

तपसिल

१.वि.व्या.स को निर्णय सहित प्र.अ.बाट ल्यापटपका लागि अनुदान उपलब्ध गराइदिन गरेको सिफारिस ।

२.बुँदा १ अनुसारको सिफारिसमा बेलबारीमा स्थायी बसोवास गर्ने प्रविधि सँग सम्बन्धित विभिन्न Online/Offline तालिममा समावेश भई दक्षता प्राप्त गरेको र प्राप्त हुन सकेसम्म कक्षा १–५मा अध्यापन गराउने स्थायी शिक्षकलाई प्राथिमकतामा राखुपर्ने ।

३.ल्यापटप खरिद गरि बिल पेश भएपछि मात्र अनुदान उपलब्ध हुने हुँदा छनौट भएको एक महिना भित्र ल्यापटप खरिद गरी सक्ने सम्बन्धित शिक्षकको प्रतिवद्धता पत्र ।

२०७९।५।१८

भूपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दशौं

CS Scanned with CamScanner

बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
शिक्षा, युवा तथा खेलकूद शाखा
EDUCATION, YOUTH And SPORT SECTION
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं. १, नेपाल
(PROVINCE - 1, NEPAL)

प.स. : २०७९।८०

मिति:२०७९।५।१७

विषय:प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

श्री सबै सामुदायिक विद्यालयहरु
बेलबारी नगरपालिका ,मोरङ ।

प्रस्तुत सम्बन्धमा यस बेलबारी नगरपालिकाको आ.व. २०७९।८० को बजेट तथा कार्यक्रम अन्तर्गत **स्काउट कार्यक्रम** शिर्षकमा रु **२,००,०००**।( दुई लाख मात्र) विनियोजन भएको छ ।आ.व. २०७९।८० को शिक्षा,युवा तथा खेलकुद नीति अनुरुप विद्यालय स्काउट कार्यक्रमलाई निरन्तरता दिँदै विद्यालय स्काउट समिति गठन भई कार्यक्रम सञ्चालन भएका आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयहरुले बजेटको परिधिभित्र रहि नगर तथा स्थानीय स्रोतको समेत प्रतिशत खुल्ने गरी तयार गरिएको कार्यक्रम,कार्यक्रम सञ्चालन अवधि,कार्यक्रमको मुख्य जिम्मेवार व्यक्ति तथा स्काउट समिति वा जिम्मेवार व्यक्ति सहित उल्लेख हुने गरी यहि मिति २०७९ भाद्र ३१ गतेसम्म कार्यक्रम प्रस्तावना माग गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

पुनश्चःविद्यालयको आवश्यकता र स्थानीय सहभागिताको आधारमा समानुपातिक हिसाबले बजेट उपलब्ध गराइने ,कार्यसम्पन्न पश्चात मात्र निकासा हुने कुरालाई समेत मध्यनजर राखि प्रस्ताव पेश गर्नहुन ।

भूपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दशौं

Scanned with CamScanner